# धार्मिक सहिष्णुताले ओतप्रोत प्रसिद्ध चार लोकेश्वर

*मुनीन्द्ररत्न बज्राचार्य*

नेपाल प्राचीनकालदेखि नै धार्मिक प्रसिद्धि पाएको मुलुक हो । परापूर्वकालमा नेपालमण्डल एक तलाउ थियो । विपस्वी तथागतबाट यस तलाउमा कमलको फूल रोपन हुँदा त्यसैमा स्वयम्भु धर्मधातु ज्योति स्वरूप ज्ञान उत्पत्ति हुन गयो । साथै महाचीनबाट पञ्च शीर्ष पर्वतबाट महामञ्जुश्रीको नेपाल आगमन भई कालीदहमा खड्ग प्रहार गरी पानी विस्थापित हुन गई मानिस बस्ने योग्य भूमि बन्न पुग्यो । यहीं नै महामञ्जुश्रीबाट खगाना देवी नैरात्मा गुह्येश्वरी माताको दर्शन गरी तत्काल षोडश भुज र श्री हेवज्र नैरात्मा (नैराला) जस्ता उत्कृष्ट चर्यागीत रचना गरी नेपालको संस्कृतिलाई जाज्वल्यमान गर्नुभयो । यस्तैपछि बङ्गालका गौडका राजा प्रचण्डदेव नेपाल आई मञ्जुदेवाचार्यको शिष्य गुणकराचार्यबाट भिक्षुत्व ग्रहण गरी शान्तिकराचार्य (शान्तश्री) हुनुभयो । साथै स्वयम्भु महाचैत्यको अग्निपुर, बसुपुर, नागपुर, पातालपुर, बायुपुर र शान्तिपुरजस्ता प्रसिद्ध पुरहरू निर्माण गरी नेपालमा बौद्ध धर्मको जरो गाड्नु भयो ।

बौद्ध धर्म र संस्कृति अनुरूप मनुष्य जीवनको मूल उद्देश्य नै बोधिसत्वको आदर्श प्राप्त गर्नु हो । संसारको कल्याणका लागि अर्काको दुःख आफ्नो ठानी सबैलाई करुणा राख्ने भावना महान तपस्वी बोधिसत्व हुनेले राखे । यो संसारलाई नै एक महाशून्य ठानियो । महाशून्यको अर्थमा मञ्चमाभूत पृथ्वी, जल, तेज, वायु र आकाशलाई लिइयो । यसमा पनि सत्व, रज र तम यी तीन गुण धारणा गरी विश्वको संरचना हुनगयो । यसमा श्री स्वयम्भुको उत्पत्ति आदिनाथको सृष्टि हुन गयो । यसमा पनि सम्पूर्ण लोकको अधिपति लोकनाथ लोकेश्वरको करुणामयको उत्पत्ति हुनगयो । यही लोक कल्याणकारीका लोकेश्वरको विभिन्न अङ्गबाट विभिन्न देवदेवताहरूको सृष्टि हुनगयो । लोकेश्वरको दुई नेत्रबाट चन्द्र-सूर्य, निधारबाट श्री महादेव, काँधबाट चार मुख भएका ब्रह्मा, हृदय (मुटु)बाट नारायण, दाँतबाट सरस्वती, मुखबाट वायुदेव, पैतालाबाट पृथ्वी, पेटबाट बरुण जलदेवता, नाइटोबाट अग्निदेवता, देब्रे घुँडाबाट लक्ष्मी र दाहिने घुँडाबाट कुबेर उत्पत्ति हुनगयो । यसैबाट यो संसारमा रहेका सम्पूर्ण प्राणीको दुःख निवारण र लोक उद्धारका लागि अनेक लोकेश्वरको सृष्टि हुन पुगेको छ । यसैले प्राचीन ग्रन्थ गुण कारण्ड व्यूहमा उल्लेख अनुसार यो संसारको प्रतिपालको नै विभिन्न लोकेश्वरहरूलाई मानिन्छ । यस पुण्यभूमिमा समय र परिस्थिति अनुरूप जगत् सत्व प्राणीको उद्धारका लागि १०८ देखि लिएर ३६० जना लोकेश्वर सृष्टि भएका छन् । यी लोकेश्वरहरूमध्ये १२ महिनामा १२ वटा लोकेश्वरको ब्रत बस्ने चलन पनि छ । तर परापूर्वकालदेखि नै धार्मिक सहिष्णुता कायम हुने गरी अत्यन्त श्रद्धापूर्ण रूपले मानिन्दै आएका लोकेश्वरहरूमा नेपालमा रहेका चारवटा प्रसिद्ध लोकेश्वरहरू विभिन्न पवित्र स्थानमा अवस्थित छन् ।

(१) अमरापुरी बुङ्गमदेश ललितपुरका रक्तावलोकितेश्वर (लोकनाथ)

(२) कच्छपालागिरि चोभारका आनन्दादी लोकेश्वर (आदिनाथ)

(३) नालागिरि (नाला)का सृष्टिकान्त लोकेश्वर

(४) मच्छेन्द्र बहालका आर्यावलोकितेश्वर (सेतो मच्छेन्द्रनाथ)

नेपालका यी प्रसिद्ध चारैवटा लोकेश्वरहरू आ-आफ्नो स्थानमा विशिष्ट गुणयुक्त छन् । नालाका सृष्टिकान्त लोकेश्वर सृष्टिकर्ताको रूपमा मानिन्छन् भने सृष्टि भएका प्राणीको संरक्षणको लागि अन्न धन्नको प्राणधानका लागि जलवृष्टि काम रक्तावलोकेश्वर लोकनाथले गरेको हुन्छ । यस्तै आनन्दादी लोकेश्वर आदिनाथबाट प्राणीमा हुने भय, ग्रह, दशा र विभिन्न रोगादि महामारीबाट विमुक्त गरी आनन्द प्रदान गर्नेछ । यस्तै आर्यावलोकितेश्वर (सेतो मच्छेन्द्रनाथ)बाट आयु साधना गरी आयुवृद्धिको पुण्य प्राप्तका लागि मद्दत गरी दिनेछ । यही विशेष शक्तियुक्त भएकोले यी लोकेश्वरहरूको संस्मरण गर्दै बौद्ध तथा हिन्दूहरूले पूजा-आजा, ब्रत बसी र दीपहरू

प्रज्वलित गरी आराधना गरी नित्य संस्मरण गर्ने गर्छन् । बर्सेनी यी चारै लोकेश्वर विभिन्न पर्वका दिन महास्नान गरी जात्राहरू गर्ने गर्छन् । यी धार्मिक ओतप्रोतले सुसम्पन्न मुलुकमा यी चारै लोकेश्वरहरूको उत्पत्ति र महिमाको ऐतिहासिक महत्व छ ।

**रक्तावलोकितेश्वर (लोकनाथ)**

नेपालको इतिहासमा परापूर्वकालदेखि नै चार प्रसिद्ध लोकेश्वरमा रक्तावलोकितेश्वर लोकनाथ अर्थात् रातो मच्छेन्द्रनाथ निकै प्रख्यात छन् । नेवारहरू यसलाई 'बुँगद्यः' भनी सम्बोधन गर्ने गर्छन् । यो लोकेश्वरलाई बौद्धमार्गीहरू पद्मपाणी बुङ्गम लोकेश्वर, अभिताभ बुद्ध पनि भन्ने गर्छन् । सबैलाई करुणा राख्ने करुणाका खानी करुणावतार श्री करुणामय देव देवतामा पनि ईश्वर लोकनाथ निकै लोकप्रिय तथा शक्तिशाली देवताको रूपमा पुजनीय छन् । जसको रूप र लावण्यको सम्बन्धमा अरुणवर्ण भई ठुल्ठूला आँखा, उचाइमा चार फुट मृत्तिकाबाट बनेको मूर्ति हो । यस लोकेश्वरको शिरमा रत्नमुकुट, निधारमा टीका, कानमा गहना, गलामा रत्नमाला, कर्कोटक नागको चाँदीको मूर्ति, पाखुरा नाडीमा बाजु र पाउमा कल्ली आदि विभिन्न आभूषणले सुसज्जित छन् । यस्तै दाहिने हात वरद मुक्षमा छ भने देब्रे हातमा कमलको फूल धारणा गरी लोक उपकारको लागि ललित आसनमा उभिएर उत्तराभिमुख गरेको छ । लोकेश्वरलाई निमिष देवताको रूपमा मान्ने चलन भएकोले पञ्चामृत राखेर मात्र पूजाआजा गर्ने चलन छ ।

नेपालको पौराणिक इतिहासमा रक्तावलोकितेश्वर लोकनाथको उत्पत्ति सम्बन्धमा धेरै किम्वदन्तीहरू उल्लेख छन् । यसको उत्पत्ति सम्बन्धमा यस पृथ्वीको चार कल्पहरूमध्ये पहिलो अनन्त कल्पको चार युगहरूमा पहिलो सत्ययुगको पहिलो पादतिर आफ्ना मनबाट पैदाभएको अभिताभ बुद्धको छोरा पद्मपाणि नाम गरेको बोधिसत्व लोक संहारजन भन्ने समाधिको अवस्थामा थिए । आदिबुद्धले उनलाई लोकेश्वर भनी सम्बोधन गर्न लागे । यस्तै एक समय पद्मपाणिले समुद्रमा माछाको रूपमा परिणत भई सुतिरहेको अवस्थामा बिउँझदा माछा नै भई रहेकोले त्यसबेलादेखि लोकेश्वरलाई मच्छेन्द्रनाथ भन्ने गरेको छ । यहाँ मच्छेन्द्रनाथ कुनै समयमा सुखाबती भुवनबाट मर्त्यमण्डलमा आई बत्तीस अंशमध्ये एक अंश भएर भारतको आसाम राज्यस्थित कामारूकामाक्षमा राक्षसरूपी राजपरिवारमा त्यहाँका राजा शशी र रानी मायाको कोखबाट पाँचसय सन्तानहरूमा सबभन्दा कान्छो प्यारो राजपुत्रको रूपमा बत्तीस लक्षण लिई जन्म लिएका थिए । कुनै समयमा गोरखनाथ नेपाल आई यहाँस्थित नागहरूमाथि आसन बनाई तपस्या गर्दा १२ वर्षसम्म बर्षा नभई अत्यन्त हाहाकार मच्चियो । यहाँ तान्त्रिक शान्तिकराचार्यले समाधिबाट हेर्दा भारतको कामारुकामाक्षबाट मच्छेन्द्रनाथलाई नेपाल नल्याएसम्म बर्षा नहुने ठानी । उनलाई लिन आफ्ना शिष्य बन्धुदत्त आचार्य, राजा नरेन्द्रदेव र पाटनका रथचक्र भरिया त्यहाँ पठाइयो । बाटोमा कर्कोटक नागराजलाई पनि साथी बनाई कामारुकामाक्षबाट मच्छेन्द्रनाथ (लोकनाथ)लाई तान्त्रिक रिद्धीसिद्धि बलले नेपाल ल्याए । आफ्ना गुरु मच्छेन्द्रनाथ नेपाल आगमन भएको थाहा पाई गुरुको दर्शनका लागि नागहरूबाट उठेर गए । यसरी नागको जीउबाट उठेपछि नेपालमा जलबृष्टि हुन पुग्यो । अनि मच्छेन्द्रनाथलाई बुङ्गमतीमा विहार बनाई । विराजमान गराए । प्रत्येक वर्ष रथ बनाई जात्रा पनि चलाए । यो घटना कलिर्गत संवत् ३६०० तिरको भनी ग्रन्थमा लेखिएको छ ।

नेपालको इतिहासमा रक्तावलोकितेश्वर अर्थात् मच्छेन्द्रनाथको प्रतिस्थापना र जात्रा मनाएको सम्बन्ध ऐतिहासिक प्रमाणको रूपमा गोपालराज वंशावलीमा धेरै ठाउँमा उल्लेख छन् । जस्तो :

" श्री नरेन्द्रदेव वर्ष तस्य आचार्य बन्धुदत्त द्वयेन श्री बुङ्गमलोकेश्वर भट्टरकस्य जात्रा कृत्वा भवति ।"

यस्तै ने.सं ४०९ तिर नेपालमा दोस्रोपटक हमला गर्न आउने खस राजा जितारी मल्लले ठाउँ ठाउँका गाउँमा आगो लगाउनुका साथै स्वयम्भु, लोकनाथ र पशुपतिको पनि दर्शन गरेर गएको ऐतिहासिक घटना उल्लेख छ ।

पुनः ने.सं. ४१० मा जितारी मल्लले नुवाकोट दखल गरी बुङ्गमती आई मन्दिरमा काँश चढाएको उल्लेख छ ।

लोकनाथ सम्बन्धी ऐतिहासिक दस्तावेजहरूमा ने.सं. ४५७ मा लेखिएको महिरावणबध नाटकमा यसरी उल्लेख छ :

“श्री बुङ्गमलोकेश्वर नमे शतमुखं बैश्वानरं पावत पयिशच्च नमामि नम्रशिरमा प्रेताधिनाथ नमेः ।

नेपालका मल्ल राजाहरूमा अति धर्मात्मा राजा श्री निवास मल्लले ने.सं. ७९२ मा बुङ्गमतीको राखिएको लोकनाथलाई ललितपुरकै तःबहालमा मन्दिर बनाई राख्ने काम भई एउटा सुवर्णपत्र पनि चढाएको थियो ।

प्राचीनकालदेखि नै ऐतिहासिक मान्यता पाएको यस रक्तावलोकितेश्वर लोकनाथको रथजात्रा सम्भवतः सबभन्दा पुरानो र लामो समयसम्म चल्ने जात्रा यही नै भने पनि हुन्छ । वृष्टिका देवता करुणामय लोकनाथको विशाल रथ बनाई गरिने जात्रा परम्परा अनुसार हरेक वर्ष वैशाख शुक्ल प्रतिपदाका दिन पाटन पुल्चोकबाट प्रारम्भ भई चार गन्तव्य स्थानहरू गाःबहाल, सुन्धारा, लगनखेल र जाउलाखेलमा ल्याइन्छ । प्रत्येक ती महत्वपूर्ण स्थानमा पुग्दा त्यहाँका मान्छेहरू पूजा-भेटी चढाई भुज्याः पर्व मनाउँछन् । अन्नकै देवता भएकोले थालमा भोजन राखी देवतालाई चढाइन्छ । अरू भोज भतेर गरी मनोरन्जन गर्छन् । गाःबहाल, सुन्धारा र लगनमा सफलतापूर्वक रथ तान्न सकेको सफलतामा नरिवल खसाल्ने पर्व हुन्छ । सो नरिवल समात्न सक्नेलाई ठूलो मनोकाङ्क्षा कामना पूर्ण हुन्छ भन्ने जनश्रुति छ ।

रातो मच्छेन्द्रनाथको रथजात्राको अन्तिम चरणमा जावलाखेलमा रथलाई विराजमान गराई जोशीबाट साइत निकाली भोटो देखाउने जात्रा हुन्छ । ऐतिहासिक महत्व रहेको यो भोटो कर्कोटक नागराजले रत्न जडित भोटो आफ्ना रानीको आँखा उपचार गर्न ज्यापूलाई उपहार दिएको थियो । सो हराउँदा पुनः फेला पार्दा मच्छेन्द्रनाथलाई नै चढाएको थियो । सोही भोटो नेपालका राजालाईसमेत सवारी गराई जावलाखेलमा देखाइने परम्परा छ । भोटो देखाउँदा चारै दिशामा तीनपटक देखाउने चलन छ । तीनपटक देखाउनुको तात्पर्य पहिलो पटकले तीनै शहर कान्तिपुर, ललितपुर र भक्तपुरका श्रद्धालु भक्तजनहरूको सम्झना देखाएको हो । दोस्रोपटक देखाउँदा देव, मनुष्य, नागलोक गणलाई देखाएको हो । तेस्रोपटक भूत, प्रेतात्मा, किसान र तारण राख्ने तान्त्रिक र यक्षलोकलाई सम्मान गरी देखाउनु हो ।

पहिले पहिले रातो मच्छेन्द्रनाथको रथ बुङ्गमतीबाट नै तानेर शहर घुमाउनेचलन थियो । तर निकै कठिन हुने हुँदा हाल बाह्र वर्षको एकपटकमात्र बहुतै पुरानो लोकनाथ बिराजमान हुने ठाउँ बुङ्गमतीबाट शङ्खरापुर डेखुबाट खोला तराएर तानेर ल्याउने चलन छ । यो मेला ने.सं. ८०१ मा ललितपुरका राजा श्री निवास मल्लले शुरू गरेको हो भन्ने इतिहासमा उल्लेख छ । जात्रा सकिएपछि यो मच्छेन्द्रनाथको मूर्तिलाई छ महिना बुङ्गमतीमा नै राखिन्छ । अरू छ महिना ललितपुरको तः बहालमा राखिन्छ । यसैले यस देउतालाई आदि पनि थाहा नहुने अन्त्य पनि थाहा नहुने भन्ने गर्दछ । यस लोकेश्वरको महास्नान जात्रा वैशाख कृष्ण प्रतिपदाका दिन लगनखेलमा विधिवतः हुन्छ । यहाँ एउटा मान्छेलाई गर्नुपर्नेदशक्रिया कर्म विधि बज्राचार्यबाट गराइन्छ ।

रातो मच्छेन्द्रनाथको संरक्षणार्थ पुजारीको व्यवस्था गरेको छ, जसलाई पाँजु, पटोंजु वा पनेजु पनि भन्ने गर्दछ । तर पाँजुहरूमा ३२ जनाको एक परिवार मानिन्छ, जसमा ३१ पाँजु र लोकनाथ १ समेत गनिन्छ । हाल यस लोकनाथको आयस्ता अन्तर्गत ९०० रोपनीमात्र जग्गा रहेको छ । यहाँ दर्शन गर्न आउने भक्तजनहरूको घुइँचो लाग्ने हुँदा अरु देवदेवताहरूमा जस्तो समस्या छैन । कोही कसैको मर्दापर्दा यहाँ १०८ दीपहरू प्रज्वलन गर्न जानुपर्दछ । हिन्दु र बौद्धहरू अपार श्रद्धाका साथ यहाँ दर्शन गर्न जान्छन् ।

(२) **चोभारको आदिनाथ लोकेश्वर**

नेपालका प्रसिद्ध लोकेश्वरहरूमा चोभारस्थित आदिनाथ लोकेश्वर पनि निकै महत्वपूर्ण लोकेश्वर हुन् । यसलाई हठयोगीनाथ सम्प्रदायहरूले मच्छिन्द्रनाथ र गोरखनाथको पनि गुरुको रूपमा मान्दछन् । यस आदिनाथको मूल विशेषता नै योगक्रियाको बलले मानिसमा शारीरिक तन्दुरुस्ति र निरोगी गराई मानसिक रूपमा सन्तुष्टि दिने गर्छ । यसैले आदिनाथलाई आनन्दादी लोकेश्वर पनि भन्ने गरिएको छ । चोभार डाँडाको मुनि सुलक्षण

तीर्थमा स्नान गरी यो देवताको दर्शन गरेमा महारोग र अन्य रोगबाट बच्दछ भन्ने किंवदन्ति छ। यसैले कोही कोही भक्तजनहरू अष्टमीका दिन ब्रत बस्ने चलन छ। कोही सकिमिला पूर्णिमा बौद्धमार्गीहरू पाँच दिनसम्म तीर्थमा स्नान गरी लोकेश्वरको ब्रत बस्ने गर्छन्। यसरी ब्रत बस्ने गर्छन्। यसरी ब्रत बस्दा मनले चिताएको फल प्राप्त हुन्छ भन्ने जनश्रुति छ।

आदिनाथ लोकेश्वर उत्तराभिमुख गरी करिब साढे तीनफुटको उचाई भई दुवै हातमध्ये दाहिने हात वरद मुक्षमा छ भने देब्रेहात आव्हान मुक्षमा रही रक्तवर्णको अनुहार रहेको छ। तर यसको भने दुवै आँखाहरू माथि हेरिरहेका छन्। यसरी हेर्नु यसको नामाकरण र बस्ने स्थानको सङ्केत गरेको भनिन्छ। यसको हेराईलाई लिएर विशेष किम्बदन्ती नै छ। आदिनाथको उत्पत्ति सम्बन्धमा स्वयम्भु पुराणमा उल्लेख भएअनुसार, महामञ्जुश्रीले कच्छपाल पर्वतलाई छेदन गरेपछि यहाँको पानी विस्थापित भएपछि यसको नामकापोतल हुनगयो। साथै यहाँको नदीमा एउटा विशाल मूर्ति फेला पऱ्यो। उक्त मूर्तिको आँखाले माथि इशारा गरिरहेको ठानी माथि डाँडामा बिहार बनाई राख्ने गऱ्यो। यसैले नेवारहरू यस देवतालाई 'चोभाद्यः' अर्थात चोयु भायु याःम्ह द्यः भनी भन्ने गर्दछन्। यसको अरु पनि विभिन्न नाम जस्तो सुवर्णगिरि, गन्धावती महाबिहार र असना महाबिहारको नाम उल्लेख छ। यस्तै असना लोकेश्वर महाविहार श्री इन्द्रदेव संस्कारित भनी एउटा शिलालेख पनि भेटिएको छ। यस मन्दिरको जीर्णोद्वार ने.सं ७६१ मा श्रीनिवास मल्लले गरेको ताडपत्र पनि फेला परेको छ।

आदिनाथको उत्पत्ति सम्बन्धमा अरू प्रमाणका लागि हेर्दा देवमाला वंशावली अनुसार यसलाई अंशुवर्माले कलिर्गत संवत ३४०३ मा आफूलाई सपनामा धर्मराजले मेरो मूर्ति बनाइ देऊ भनी सपनामा अऱ्हाएकोले चैत्र सुदि तिष्य नक्षत्रका दिन बौद्धाचार्यबाट नित्यार्चन गरी आदिनाथको स्थापना गरेका हुन्। प्राचीनकालमा शंकरदेवका पालासम्ममा रथ बनाई आदिनाथलाई बिराजमान गराई सेतो मच्छेन्द्रनाथसँगसँगै असन र देवपतनमा जात्रा गर्नु पर्ने चलन थियो। पछि यसै जात्रा गर्ने सिलसिलामा आदिनाथको रथ दानागाः भन्ने स्थानमा पाङ्ग्रा गाढ्दा त्यो बेला नेपाल र तिब्बतबीच युद्ध भइरहेकोले त्यस बेलाका तिब्बती सेनाले एउटी सुकुमारी कन्या देखेर उनलाई तिब्बततिर लगे। वास्तवमा ती सुकमारी कन्याकेटी आदिनाथ नै छद्म वेशमा घुमेका थिए। यता आदिनाथ हराए भनेर जात्रा नै रोकियो। उता तिब्बती फौजलाई र राजालाई उकुसमुकुस हुने र पेट दुख्ने हुँदा यो कन्या कोही नभई आदिनाथ लोकेश्वर हो भनी उनको मूर्ति केरुङमा राख्ने गरी छाडी दिए। तर यता भने जात्रा चलाउन नसकेर त्यसैबेलादेखि आदिनाथको जात्रा रोकिन गयो। यसैले पनि तिब्बतीहरू यस आदिनाथलाई “धुरज्य लोकेश्वर' भनी आज पनि पूजा गर्ने गर्दछन्।

आदिनाथ मन्दिरमा राजपरिवारहरू जान नहुने चलन छ। तर श्री ५ पृथ्वीनारायण शाहबाट काठमाडौं उपत्यकालाई बिजय गरिसकेपछि आदिनाथमा पूजा भेटी चढाएको कुरा इतिहासमा उल्लेख छ। यस्तै मन्दिरको रेखदेख, संरक्षण, सम्बर्द्धन गर्न र नित्यपूजा गर्न स्व. श्री ५ गीवार्णयुद्धविक्रम शाहको पालामा वि.सं. १८५७ देखि एउटा राजगुठीको स्थापना गरिदिएका छन्। हाल यहाँ अक्षेता गुठी, नैबेद्य गुठी, दीपमाला गुठी, रङ्गरोगन लाउने, नेकू गुठी र छत्र समाउने गुठीहरू विद्यमान छन्। यहाँका पूजारीहरूमा षटाँजु १० परिवारमात्र बाँकी रहेका छन्। सर्वसत्वलाई कल्याण गर्न भएकोले, कोही मर्दापर्दा यहाँ बत्ती बाल्न जाने चलन छ।

**(३) सृष्टिकान्त लोकेश्वर (नाला करुणामय)**

नेपालका ख्यातिप्राप्त चार लोकेश्वरमध्ये बनेपाको नालास्थित सृष्टिकान्त लोकेश्वर पनि एक हो। संसारकै सृष्टि गर्ने सृष्टिकर्ताको रूपमा लिएकोले यसलाई सृष्टिकान्त लोकेश्वर भनिएको हो। नेवारहरू यसलाई नाला करुणामय भनी दर्शन गर्न जान्छन्। सृष्टिकान्त लोकेश्वरको मूर्ति पूर्वाभिमुख गरी स-साना आँखा भई श्वेतवर्ण भएका छन्। यस्तै एक हातले कमलको फूल (पलस्वाँ) समाई राखेका छन्। यस करुणामयलाई स्त्री शक्तिको प्रतीकको रूपमा पनि मानिने गरेको छ। भनिन्छ यसले सृष्टिकर्ताको रूपमा ११ वटा शिर धारण गरी १४ भुवनलाई केन्द्रित गरेको छ। साथै यस मन्दिरको नजिकै एउटा विशाल भगवती मन्दिरको स्थापना भएको छ जो यस लोकेश्वरसँग सम्बन्ध रहेको ऐतिहासिक कथा पनि छ।

सृष्टिकान्त लोकेश्वरको उत्पत्ति सम्बन्धमा स्वयम्भु पुराणमा यसरी उल्लेख छ।

नागरी देश (नाला)का राजा दीर्घरथ महाराजाले लोकको उद्धार गर्नका लागि उपोषध ब्रत बसी कात्तिक शुक्ल मु:ख अष्टमीका दिन यस मन्दिरको स्थापना गरियो ।

यस्तै, नाला करुणामयको स्थापना सम्बन्धमा अर्को किम्बदन्तीअनुसार कलियुग आएपछि किरातीहरूले पाटनको लोकनाथ मूर्तिलाई चोरी नाला देशका एक खोलामा फालेर गए । पछि त्यहाँका राजा, बुङ्गमतीको पाँजु (षटाँजु) र नालाकै चन्दपाल, च्यामेलाई सपनामा पुण्यतीर्थमा सो मूर्ति रहेको कुरा जानकारी दिएपछि पछि साँच्चिकै त्यहाँ खोजी गर्दा उक्त मूर्ति भेटियो र त्यसलाई मन्दिर बनाई त्यही स्थापना गरियो ।

काठमाडौं उपत्यकाभन्दा निकै टाढा रहेको लोकश्वरको जात्रा परापूर्वकालमा थियो होला, तर यसलाई वि.सं. १९९० सालका भूकम्प पछिमात्र यसको चासो राखी जात्रा चलाउने गरियो । यसका लागि स्व. आनन्दमुनिबज्राचार्य र नाला देशका स्थानीय साहुहरूले उसबेला प्रधानमन्त्री जुद्धशमशेरसँग निगाहा राखी ५०० रुपियाँ चन्दा मागी यस मन्दिरको जीर्णोद्धार गरियो । वि.सं १९९३ देखि नाला करुणामयलाई फागुण पूर्णिमाका दिन महास्नान गरी जात्रा गर्ने प्रथा चलाइयो । पछि ने.सं. १०८० मा नाला भरी दीपङ्करको मूर्ति घुमाई जात्रा चलाउने गरियो ।

नेवार बौद्धमार्गीहरू सृष्टिकान्त लोकेश्वरको मन्दिर नालामा गई आफ्ना मृत परिवार सुखावती भुवन वास कामना गर्न र सम्झनार्थ १०८ दीप प्रज्वलन गर्न जाने चलन छ । हाल यो मन्दिर धमिरोले खाई जीर्ण भएकोले फ्रान्स सरकार र जनसहयोगले, जीर्णोद्धार हुदैछ । यो मन्दिरको हेरचाह गर्ने पूजारीहरूमा दुई परिवारमात्र बाँकी छन् । परापूर्वदेखि गाउँदै आएको यी देउताको स्तुतिगान लोकगीतको रूपमा आज पनि गाउँदै आइएको छ ।

(४) **आर्यावलोकितेश्वर (सेतो मच्छेन्द्रनाथ)**

नेपालका चार प्रमुख लोकेश्वरहरूमा जनबहालको सेतोमच्छेन्द्रनाथ आर्यावलोकितेश्वर पनि एक हो । जनबहालमा आर्यावलोकितेश्वर स्थापना हुनु अघि नै कनकचैत्य महाविहारको स्थापना भइसकेको छ । यसको प्राचीन नाम कोलियग्राम जमलग्रन्थी बिहारको नामले प्रसिद्ध छ । यसैले यसलाई जमलेश्वर आर्यावलोकेश्वर पनि भन्ने गरेको पाइन्छ ।

यो आर्यावलोकितेश्वर मच्छेन्द्रनाथ लोकको उद्धार गर्ने भएकाले लोकेश्वर र करुणाको मूर्ति भएकोले करुणामय पनि भन्दछन् । यस सेतो मच्छेन्द्रनाथ श्वेतवर्ण भई आँखा स-साना भई पूर्वाभिमुख गरेको छ । यसको शिरमा बुद्धको मूर्ति पनि छ । शरीरमा विभिन्न आभूषणले सुसज्जित छन् । ठूलो मूर्तिको छेउ दुईटा स-साना मूर्तिहरू रातो आर्यतारा र हरियो पद्मताराको रूपमा स्थापना गरेका छन् । यी दुई मूर्ति स्थापना हुनुमा मच्छेन्द्रनाथलाई यो संसारमा दिन परदिन बढिरहेको प्राणीहरूलाई कल्याण र उद्धार गर्न नसकेको अवस्थामा पीरले आँसु झर्दा यी दुई ताराले हजुरले कुनै पीर मान्नु पर्दैन भनी सम्झाउन उत्पत्ति भएका हुन् भन्ने गरिएको छ । तिब्बतीहरू लोकेश्वरलाई ‘जामन कार्पोभ’ भनी सेतो ताराको रूपमा मान्दछन् ।

सर्वसत्व प्राणीलाई कल्याण गर्ने हेतुले सृष्टि भएको आर्याबलोकितेश्वर काठमाडौंको इन्द्रचोकस्थित बागमती र बिष्णुमती नदीको सङ्गम (व्हँगु शब्दबाट वंग: भनी नेवारहरूले भन्ने गरेको) मा लोकेश्वर उत्पत्ति भएपछि उक्त मूर्तिलाई कनकचैत्य महाबिहारमा स्थापना गरियो । यस श्वेत मच्छेन्द्रनाथको उत्पत्ति सम्बन्धमा अर्को किम्बदन्तीअनुसार मृत्युलोक अर्थात् पितृलोकका राजा यमराज र उनका सहायक चित्रगुप्त मर्त्यलोकबाट कममात्रामा मानिसहरू मृत्यु हुने गरेकोले नेपाल मण्डलमा हेर्न आएका थिए । यो कुरा कान्तिपुर, ललितपुर र भक्तपुर तीनै शहरका राजा यक्षमल्लले चाल पाई यमराज र चित्रगुप्तलाई दरबारमा आगमन गराई निकै प्रशंसापूर्ण स्वागत गरियो । यमराज खुसी भई बरदान माग्न लगाउँदा राजा यक्षमल्ले राजा र प्रजा कहिले नमर्ने बरदान मागे ।

तर यमराज यस्तो वरदान आफूले दिन नसक्ने र आर्यावलोकितेश्वरले मात्र दिन सक्ने कुरा अवगत गराए। यसरी यमराजले आर्यावलोकितेश्वरको स्मरण गर्दा आर्यावलोकितेश्वर प्रकट भई उनको मूर्तिलाई कनकचैत्य महाविहारमा मन्दिर बनाई विराजमान गराए। यो घटना इतिहासमा वि.सं. १४८५ तिर भएको मानिन्छ।

लोक उद्धार गर्ने आर्यावलोकितेश्वरको पनि विभिन्न जात्रा गर्ने गर्छन्। पौष शुक्ल पक्ष अष्टमीका दिन जनबहालमा आर्यावलोकितेश्वरको मूर्तिलाई मण्डपमा ल्याई भचाखुसीको शान्ततीर्थबाट ल्याएको पवित्र जलबाट महास्नान गरिन्छ। "लंपु छायुगु" भनी लोकेश्वरलाई रङ्गरोगन गरिन्छ। बज्राचार्य गुरुजूबाट होमादि र गुह्यानी गुह्य पूजा र दशकर्म विधि (मानिसलाई गर्ने कर्मविधि) पूरा गरिन्छ।

यस सेतो मच्छेन्द्रनाथलाई पनि रातो मच्छेन्द्रनाथको जस्तो विशाल रथ बनाई काठमाडौं उपत्यकाको प्रमुख शहरमा स्वर्ग, मर्त्य र पाताल देखाउने भनी अष्टमी, नवमी र दशमी तीन दिन परिक्रमा गराइन्छ।

तर कहिलेकाहीं रथ तान्दा बाटामा विघ्न बाधा आई तीन दिनभन्दा बढी पनि लाग्न सक्छ। रथ पहिलो दिन असन, दोस्रो दिन हनुमानढोका र अन्तिम दिन लगनमा लगी मांसेवा भनी मच्छेन्द्रनाथको आमाको मन्दिरमा तीन चक्कर परिक्रम गरी भोलिपल्ट आफ्नै बिहार फर्काइन्छ।

असनमा रथ रोकिंदा मृगस्थलीबाट कनफटा जोगी (गोरखनाथका अनुयायीहरू)हरू आई विशेष चक्रपूजा गर्ने गरिन्छ। यस्तै सेतो मच्छेन्द्रनाथको रथ मरुहिटीनिर पुग्दा मच्छेन्द्रनाथको पुजारीले कल्पवृक्ष मनुश्यको भेष लिई जात्रा हेर्न आएको थाहा पाई उनलाई समाती एउटा सतल नबनाएसम्म नछाड्ने बाचा गराएर छाडे पछि एकदिन कल्पवृक्षले एउटा बृहद रुख पठाएपछि यसै रुखबाट नै मरुसत्तलको निर्माण गरियो।

यो ऐतिहासिक घटना सत्रौं शताब्दीका कान्तिपुरका राजा लक्ष्मीनरसिंहको पालामा भएको मानिन्छ।

आर्यावलोकितेश्वर मच्छेन्द्रनाथको महान् विशेषता नै लोकजनको आयु साधना गर्ने र निरोगी तुल्याउनु हो। धेरैजसो बौद्धमार्गीहरू अष्टमीका दिन अमोघपाश लोकेश्वरको ब्रत बस्ने चलन पनि छ।

कोही कोही धार्मिक मान्यता अनुरूप कोही कसैको परिवारमा सिकिस्त बिरामी हुँदा यस मन्दिरमा रहेको पवित्र दियोमा दीप प्रज्वलित गर्न आउने गर्छन्। यदि उक्त दियो राम्ररी बिना विघ्न बाधाले बल्दछ भने बिरामीबाँच्ने लक्षण देखाउँछ, यदि राम्ररी बल्न सकेन भने बिरामी बाँच्न मुस्किल हुन्छ भन्ने जनधारणा छ।

सेतो मच्छेन्द्रनाथको संरक्षण, सम्बर्धन र दैनिक कार्य चलाउन, जात्रा चलाउन बज्राचार्य र शाक्य परिवारहरूमा २४ परिवार मात्र रहेका छन्। कोही कोही विभिन्न कारणले पालो बस्ने गुठीमा सम्मिलिन हुन छोड्दै आएका छन्। यसले गर्दा चल्दै आएको संस्कृतिलाई असर पार्दै लगेको छ। सेतो मच्छिन्द्रनाथको कुनै आयस्ता पनि छैन। भक्तजनले चढाएको भेटीबाट नै सबै काम चलाउनु परेको छ। जिउँतिउँ जात्रा चलाउने काम गुठी संस्थानले गर्ने गरेको छ। यस्तो मन्दिरमा पालोबस्नु, नियम विधि पुऱ्याउनु निकै कठिन पनि छ।

दैनिक जीवनमा नभई नहुने शक्ति प्रदान गर्न सक्ने यी प्रसिद्ध चार लोकेश्वरलाई आज पनि उत्तिकै अगाध श्रद्धा राखी मान्ने गरेको पाइन्छ। को बौद्ध, को हिन्दु सबै नै यो मन्दिरमा जाने गर्छन्। वर्सेनि हुने जात्रामा सबै मिलिजुली सहभागी हुन्छन्। बौद्ध नेवारहरू त मर्दापर्दा चारै करुणामय लोकेश्वरका मन्दिर गई दीप प्रज्वलित गर्ने कार्य अनिवार्य जस्तै हुन्छ।

विश्वमा जापान, भारत र अन्य पूर्वीय एशियामा लोकेश्वरको स्थानलाई महत्व दिंदै आएको अवस्थामा नेपालमा पनि यी लोकेश्वरहरूको संरक्षण र सम्बर्द्धन गर्नमा सबैतिरबाट ध्यान पुऱ्याउनु आवश्यक छ। देशमा हुने राम्रा-नराम्रा घटनासमेत यी देवताले सङ्केत गर्नसक्ने भएकोले यसलाई राम्रो संरक्षण आवश्यक छ।

यदि रातो र सेतो मच्छेन्द्रनाथको रथ तान्दा, जात्रा गर्दा आगो लाग्नु, रथ बिग्रिनु, बाय्मो (शिरमा राखिने एक पित्तलको वस्तु) खस्नु देशमा ठूलो सङ्कट आउने लक्षण मानिन्छन् ।

यसरी भविष्यलाईसमेत बताउन सक्ने निकै शक्तिरहेको यी चार प्रसिद्ध लोकेश्वरहरूलाई सबैले अपार श्रद्धाले मान्ने गर्छन् । सबैको कल्याण तथा लोकाहित गर्ने भएकोले राष्ट्रिय सम्पदाको संरक्षणका लागि पनि यी लोकेश्वरहरूको मन्दिर र जात्रालाई महत्व दिनुपर्दछ ।

**- ठहिटी, काठमाडौं**